का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ जेठ २०८१,
शनिबार
8 June 2024,
Saturday

मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ११६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अदालतको आदेश नमानेर सांसदलाई बजेट

अदालतले सांसदले योजना छनोट गर्ने गरी बजेटमा राखेको कार्यक्रम कार्यान्वयन नगर्न दिएको आदेश र यससम्बन्धी मुद्दाले अन्तिम रुप नपाउँदै मधेश प्रदेश सरकारले सांसदलाई तोकेरै बजेट परिचालन गर्न दिने निर्णय गरेको हो ।



प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदलाई डेढ करोड बजेट परिचालन गर्न दिने निर्णय भएको छ ।

■ **भरत साह**
**अर्थमन्त्री**
**मधेश प्रदेश सरकार**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

मधेश प्रदेश सभा सदस्यहरुले आफूले छानेको योजनामा बजेट पाउने भएका छन् ।

मुख्यमन्त्री सतिश सिंह नेतृत्वको मधेश सरकारको पहिलो मन्त्रिपरिषद बैठकले प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसदलाई डेढ करोड बजेट परिचालन गर्न दिने निर्णय गरेको छ ।

प्रदेशका अर्थमन्त्री भरत साहका अनुसार मन्त्रिपरिषद्को बैठकबाट प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक सांसदलाई डेढ करोड बजेट चलाउन दिने निर्णय गरिएको छ ।

सर्वोच्च अदालतले यसअघि नै सांसदले योजना छनोट गर्ने गरी बजेटमा



राखेको कार्यक्रम कार्यान्वयन नगर्न आदेश दिएको छ । यस सम्बन्धी मुद्दाले अन्तिम रुप नपाउँदै मधेश प्रदेश सरकारले सांसदलाई तोकेरै बजेट दिने निर्णय गरेको हो । संघीय अभ्यासमा रहेको सांसदलाई बजेट दिने कार्यक्रम विवादित भएपछि अदालतमा मुद्दा परेको थियो । अदालतले रोकेपछि संघीय सरकारले आगामी आर्थिक वर्षको बजेटमा सांसदले परिचालन गर्ने गरी कार्यक्रम ल्याएको छैन । तर, घुमाउरो रुपमा बजेटमै समाहित गरेको भने बताइन्छ ।

सांसद मार्फत योजना चलाउने कार्यक्रमहरू प्रदेश सिको गर्दै निरन्तरता दिएका हुन् । अहिले मधेश मधेशमा नयाँ सरकार बन्ने बित्तिकै सांसद मार्फत पैसा खर्च गर्ने निर्णय भएको हो ।

सांसद विकास कोषको रुपमा चिनिने या कार्यक्रमका सम्बन्धमा सरोकारवालाहरुको राय भने बाझिँदै आएका छन् । संघीय सरकारले चालु आर्थिक वर्षका लागि संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गत ८ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरेको थियो ।

तर, सर्वोच्च अदालतको संवैधानिक इजलासले संघ र प्रदेशमा छुट्याएको संघीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममाथि रोक लगाएको थियो । त्यसपछि यो कार्यक्रम चालु आर्थिक बर्षमा लागू हुन सकेन ।

सर्वोच्चका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउतको संवैधानिक इजलासले मुद्दाको अन्तिम किनारा नलागेसम्म कार्यक्रम लागू नगर्नु, नगराउनु भन्दै आदेश जारी गरेका थिए ।

यो निर्णयले संसद्को सर्वाधिकारमाथि अदालतले बलमिच्याई गरेको टिप्पणी कतिपयले गरे । कतिपयले यो कार्यक्रम रोकिएको भन्दै प्रशंसा पनि गरे । मुद्दाको अन्तिम किनारा लाग्न भने बाँकी नै छ ।

मुद्दाको अन्तिम किनारा »» पृष्ठ २ मा



## ग्रामीण अर्थतन्त्र उकास्न
# गाँजा खेती !

गाँजा खेतीलाई किसानसँग जोडेर नेपालमा बाँझो हुदै गएको नेपालीको ग्रामीण भूमि आर्थिक उपार्जनका लागि राम्रो स्रोत हुनेछ । यस्तै गाँजा बिक्रीलाई व्यवस्थित बनाउन क्यासिनो मोडेल जस्तै गरेर नेपाल आउने पर्यटकहरुका लागि गाँजा बिक्री गरे ग्रामीण अर्थतन्त्रका लागि समेत सकरात्मक योगदान दिन सक्नेछ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

नेपालमा ४८ वर्ष अघि अर्थात् २०३३ साल भन्दा अगाडि नेपालमा गाँजाको खेती र खरिद बिक्री निर्वाध रुपमा हुने गरेको थियो । विदेशी पर्यटकहरु समेत नेपाली गाँजा खान आउने गर्दथे । त्यतिबेला काठमाडौंको असन,ठमेल क्षेत्रमा गाँजा र चरेस केन्द्रमा निर्वाध रुपमा खरिद बिक्री गर्न पाइन्थ्यो ।

तर, बि.सं. २०३३ सालपछि भने पश्चिमा देशहरुले दिएको दबाबको कारण नेपालमा गाँजा खेती र बिक्रीलाई गैरकानुनी बनाइयो ।

तर, पछिल्लो समयमा भने विश्वका कतिपय देशहरुले गाँजा खेतीलाई वैधाधिक रुपमा अगाडि बढाएपछि नेपालमा पनि वैधानिक बनाउने विषयमा बहस शुरु भएको छ ।

छिमेकी मुलुक भारतमा समेत गाँजाको अनुमति लिएर खेती गर्न पाइन्छ । नेपालमा पनि औषधीको रुपमा गाँजा खेतीलाई अनुमति दिने बारे छलफल शुरु भएको छ । सांसद हुँदा शेरबहादुर तामाङले नेतृत्व गरेर गाँजा खेतीलाई »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## गणतान्त्रिक मञ्चद्वारा वैदेशिक रोजगारका समस्या समाधानका लागि परराष्ट्रमन्त्री श्रेष्ठको ध्यानाकर्षण



उपप्रधानमन्त्री श्रेष्ठलाई १० बुँदे ज्ञापनपत्र बुझाउँदै वैदेशिक रोजगार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानको सहजीकरणका लागि उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको ध्यानाकर्षण गराएको छ । माओवादीका केन्द्रीय सदस्य तथा सांसद लेखनाथ दाहालसहित गएको मञ्चको प्रतिनिधिमण्डलले शुक्रबार व्यवसायमा रहेका समस्या समाधान र सुधारका बारेमा ध्यानाकर्षण गराएको हो ।

मञ्चका महासचिव कुन्छा दोर्जे दिमदोङले बुझाएको ज्ञापनपत्रमा मुलुकको अर्थतन्त्रलाई »» पृष्ठ २ मा

### सुदूरपश्चिम श्रमाधान रोजगार मेलाको तयारी पूरा

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २५ जेठ

सुदूरपश्चिममा 'श्रमाधान रोजगार मेला'को तयारी पूरा भएको छ । जेठ २७ र २८ गते कैलालीको धनगढीमा हुने सुदूरपश्चिम प्रदेशस्तरीय मेलाको तयारी पूरा भएको »» पृष्ठ २ मा



### सहकारी प्रकरणमा संसदीय छानबिन

# कार्यादेशमा फेरि मतभेद

सहकारीको रकम अपचलनका सम्बन्धमा छानबिन गर्न गठित संसदीय विशेष समितिमा कार्यदेशलाई लिएर फेरि नेताहरुबीच मतभेद भएको छ । कार्यादेश स्पष्ट गर्न भन्दै समितिले कार्यादेश टुंगो लगाउने नेताहरुसँग छलफल गर्ने निर्णय लिएको हो ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न बनेको संसदीय विशेष समितिले कार्यादेश बनाउन गठित कार्यदलका सदस्यहरूसँग सुझाव लिने भएको छ ।

सहकारीको रकम अपचलनका सम्बन्धमा छानबिन गर्न गठित संसदीय विशेष समितिमा कार्यदेशलाई लिएर फेरि नेताहरुबीच मतभेद भएको छ ।

यसकारण कार्यादेश स्पष्ट गर्न भन्दै समितिले कार्यादेश टुंगो लगाउने नेताहरुसँग छलफल गर्ने निर्णय लिएका हुन ।

समितिको दोस्रो बैठक शुक्रबार सिंहदरवारमा बसेको थियो । उक्त बैठकमा समिति सदस्यहरुबीच कार्यदेशमा कुरा नमिलेपछि कार्यदलमा रहेका सदस्यहरूसँग आगामी असार दुई गते छलफल गर्ने निर्णय भएको हो । कांग्रेस सहमहामन्त्री एवं समिति सदस्य बद्री पाण्डेका अनुसार कार्यादेशको भाव थप बुझ्नका लागि त्यो बनाउन संलग्न कार्यदलका सदस्यहरूका कुरा सुन्ने निर्णय भएको हो ।



संसदीय छानबिन समिति बन्न र कार्यादिश बनाउन धेरै समय लागेको थियो । कार्यादिशको स्पिरिटको बारेमा कार्यदलमा रहेका सदस्यहरु बोलाएर थप स्पष्ट भएर अगाडि बढ्ने कुरा भएको छ ।

■ **बद्री पाण्डे**
**सहमहामन्त्री, कांग्रेस**

'समिति बन्न र कार्यादेश बनाउन धेरै समय लागेको थियो । कार्यादेशको स्पिरिटको बारेमा उहाँहरूलाई बोलाएर थप स्पष्ट भएर कार्यविधि पारित गर्ने कुरा भएको छ' पाण्डेले भने । शुक्रबारको बैठकमा समिति सचिवालयले कार्यविधिको ड्राफ्ट पेस गरेको थियो । त्यसमा नेताहरुले प्रश्न उठाएपछि थप छलफल गर्ने निर्णय भएको हो ।

यसैगरी, सहकारीका सम्बन्धमा हालसम्म बनेका आयोग, कार्यदल, समिति लगायतले गरेका अध्ययन प्रतिवेदन संकलन गर्न समितिले सचिवालयलाई निर्देशन दिएको छ । तीन महिनामा समितिले काम सक्ने गरी कार्यविधि पेस गरिएको छ । बैठक बस्ने, निर्णय गर्ने, सभापतित्व गर्ने, समय लिने, बैठकका आचारसंहिता लगायत विषय कार्यविधिमा समावेश गरिएको छ ।

१५ जेठमा सत्ता पक्ष र प्रतिपक्षबीच सहमति बनेर सात सदस्यीय संसदीय छानबिन विशेष समिति बनेको थियो । जसमा »» पृष्ठ २ मा



# सन्धिखर्क नगरपालिकामा बहुवर्षीय योजनाहरुलाई निरन्तरता दिंदा बजेट पुऱ्याउन कठिन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ जेठ

आउँदो आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट प्रस्तुत गर्न अर्घाखाँचीका ६ वटै स्थानीय सरकारहरू व्यस्त छन् । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले प्रत्येक वर्षको असार १० गते अघिनै वार्षिक बजेट ल्याउनुपर्ने व्यवस्थाअनुसार बजेटको तयारीमा जुटेको सन्धिखर्कले कार्यपालिकाको बैठक सम्पन्न गरी योजनाको तयारी अन्तिम चरणमा पुऱ्याएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले जानकारी दिए ।

भुसालका अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बजेट नगरसभामा पेस गरी पारित गर्ने व्यवस्था भएकोले सोहीअनुसार बजेट ल्याउने तयारी गरिएको हो । अर्घाखाँची जिल्लाको सदरमुकाम रहेको जिल्लाको पहिलो सुविधा सम्पन्न नगरपालिका सन्धिखर्क नगरपालिकामा बहुबर्षीय योजनाहरु धेरै भएकोले पनि ती बहुवर्षीय योजनाहरुलाई निरन्तरता दिनुपर्ने बाध्यता रहेकोले वडामा सिलिङ घट्न सक्ने भुसालले बताए ।

सन्धिखर्क नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ अनुसार, उपप्रमुख मिश्रा आचार्यले आगामी आर्थिक वर्ष २०८१-२०८२ को राजश्व आम्दानी व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराइ असार १० गते नगर सभामा पेस गर्ने गरी कार्यपालिका बैठकले निर्णय गरेको नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

उक्त बजेटको वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको असार ३० गतेसम्म नगरपालिकामा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरणसमेत नगरसभामा पेस गर्ने गरी



सन्धिखर्क नगरपालिकाले बजेट ल्याउने तयारीमा जुटेको नगरप्रमुख श्रेष्ठको भनाइ छ ।

नगसभामा पेस भएको बजेटमाथि कार्यतालिकामा १५ दिनभित्र छलफलको काम सम्पन्न गरिसक्नुपर्ने भएकोले बजेट ल्याउन घनिभूत छलफल शुरु गरिएको र बिहिबार कार्यपालिकाको बैठकसमेत सम्पन्न गरिएकोले अब विषयगत समिति राजश्व बाँडफाँड समिति श्रोत पहिचान परिचालन समितिको बैठक बसेर यसलाई अन्तिम रुप दिने गरी कार्यपालिका अगाडि बढिरहेको नगरप्रमुख श्रेष्ठले दाबी गरे । नगरसभामा पेस भएको बजेट असार मसान्तभित्र पारित गरी साउन १ गतेबाट सबै स्थानीय सरकारले लागू गर्ने स्थानीय सरकार सञ्चालन ऐनमा कानूनी व्यवस्था रहेकाले सन्धिखर्क नगरपालिकामा भने बजेट पेस हुँदाको दिन नै पारित हुने गरि तयारी गर्न लागिएको छ ।

सन्धिखर्क नगरपालिकामा बिहिबार बसेको कार्यपालिका बैठकले आर्थिक वर्ष २०८१-८२ को लागि १२ वडालाई प्रशासनिक खर्चसहित ३१ लाख ७० हजार नघट्नेगरी अन्तिम सिलिङ निर्धारण गरेको नगरपालिकी उपप्रमुख मिश्रा आचार्यले बताइन् । नगरपालिकाका प्रवक्ता मोतिजङ्ग रायमाझीका अनुसार बजेट तर्जुमा गर्दा १२ वडा र नगरले अवलम्बन गर्ने मार्गदर्शन समेत टुंगो लगाइएको छ । नगरपालिकाकी अधिकृत मन्जु खनालले मध्यान्हसँग भनिन्,'नगर सभा गर्ने नगरपालिकाको भावी रणनीतिक योजना बनाउने र नगरपालिकालाई समृद्ध बनाउने गरी जनप्रतिनिधिको निर्देशनअनुसार हामी कर्मचारी पनि काममा जुटेकोले अब नगरसभा गरेर सम्पन्न गर्ने गरी अगाडि बढिएको छ ।'

नगरकार्य पालिकाको निर्देशनअनुसार वडामा जाने बजेट सिलिङ र नगरपालिकाको बजेट सिलिङबाट पूर्वाधारतर्फको कूल विनियोजन बजेटमध्ये १ लाखभन्दा माथिका आयोजना निर्माण गर्ने, खुद्रा योजना नबनाउने, ठूला योजनालाई प्राथमिकता दिने गरी तयारी अगाडि बढाइएको छ ।

सन्धिखर्क नगरपालिकामा वडा कार्यलयहरु १ देखि ४ सम्म र वडा नम्बर १० र ११ ले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् भने ५ वटा वडा कार्यालय भवन निर्माण गर्नका लागि बहुवर्षीय टेन्डर भइ काम शुरु गरिएको छ । यी बहुवर्षीय भवनहरुका लागी पनि नगरपालिकाले यस आर्थिक वर्षमा बजेट व्यवस्थापन गर्नुपर्ने बाध्यता भएकोले नगरपालिकाबाट वडामा जाने सिलिङ थोरै घट्न सक्ने अनुमान गरिएको नगरप्रमुख श्रेष्ठले बताए ।

नगरप्रमुख श्रेष्ठका अनुसार यी वडा कार्यालय वाहेक संघीय स्याचिङ फन्ट र प्रदेश म्याचिङ फन्टका बहुवर्षीय योजना झन्डै १४ को हाराहारीमा छन् भने संघीय सरकारबाट आउने राजश्व बाँडफाँडको पैसा सबै प्राप्त नहुँदा बिगतमा सुरु गरेका योजनाहरुको दायित्वसमेत आगामी आर्थिक वर्षमा जानसक्ने सम्भावना छ ।

नगरप्रमुख श्रेष्ठले मध्यान्हसँग भने, 'संघीय सरकार कृषि मन्त्रालयसंगको सहकार्यमा सुरु भएको बहुवर्षीय योजना सन्धिखर्क बहुउद्देश्यीय कृषि उपज सिस्यान केन्द्रमा स्थानीय सरकारले गर्ने सबै काम पुरा गरेपनि संघीय सरकारले त्यो भवनलाई पैसा नपठाएका कारण काम सम्पन्न हुन सकेको छैन । पटक-पटक संघीय सरकारलाई पत्र पठाउँदासमेत सुनुवाइ नभएकोले भवन सम्पन्न गर्न कठिन परेको छ ।'

नगरपालिकाले पूर्वाधारतर्फ विनियोजन रकम मध्येबाट १ लाख भन्दा बढीका आयोजना बनाउने र बाँकी वडाहरुले पनि सोहीअनुसार आयोजना निर्माण गर्ने प्रमुख प्रशासकीय अधिकृत भुसालको भनाइ छ ।

भुसाल कार्यसम्पादन मूल्यांकनमा सन्धिखर्क नगरपालिकालाई मुलुकको प्रथम बनाउन सफल अनुभवी प्रशासकीय अधिकृत हुन् । उनले भने, 'नगरपालिकाले १ लाखभन्दा तलका कुनैपनि आयोजना निर्माण गर्न नपाउने गरी कार्यविधि बनाएको छ सोहीअनुसार वडाका जनप्रतिनिधिले कार्यन्वयन गर्नुहुन्छ ।'

सन्धिखर्क नगरपालिका पहाडी जिल्लामध्ये सुविधा सम्पन्न नगरपालिका हो । यो नगरपालिकामा आन्तरिक आयश्रोत झन्डै ३ करोड ८० लाखको अनुमान गरेर बजेट निर्माण गर्ने गरेपनि सोचेजस्तो राजश्व उठाउन कठिन हुने गरेको राजश्व शाखाका अधिकृत मुक्ति खनालले जानकारी दिए । सन्धिखर्क नगरपालिकाभित्र सबै सडकहरु यस वर्ष कालोपत्रे हुँदैछन् भने बजारलाई सुन्दरीकरण गर्ने, मर्मत गर्ने जस्ता कामहरु तीव्र गतिमा अगाडि बढिरहेका छन् । नगरपालिकाभित्र शासकीय पूर्वाधार निर्माणको कामपनि निरन्तर चलिरहेको छ ।

## सरकारी जग्गा दुरुपयोग र कब्जा गर्नेलाई कारबाही गर्न निर्देशन

**काठमाडौं/मस**–सार्वजनिक लेखा समितिले सीमांकन, नक्सांकन तथा अभिलेखीकरणका लागि आपसी समन्वय तथा आवश्यकताका आधारमा देशभर पुनः नापी गर्न निर्देश गरेको छ । समितिले यस कार्यका लागि सूचना प्रविधिको प्रयोग गर्न र तथ्य तथ्यांकमा शुद्धता कायम गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएको समिति सभापति ऋषिकेश पोखरेलले जानकारी दिए । समितिको शुक्रबारको बैठकले सार्वजनिक, सरकारी, सामुदायिक र गुठी जग्गाको सिमांकनसहितको नक्सांकन अभिलेखीकरण अद्यावधिक गर्नसमेत निर्देशन दिएको हो ।बैठकले नयाँ नापीका लागि तीन तहका सरकार मात्रै नभएर मालपोत, नापी कार्यालय तथा स्थानीय प्रशासनबीच समेत समन्वयको आवश्यकता औंल्याएको छ । समितिले जग्गाको अभिलेखीकरण, प्रयोग र संरक्षणमा तीनै तह र सम्बद्ध निकायकाबीच नीतिगत तथा समन्वयगत स्पष्टता कार्यान्वयन गर्न र गराउन सरकारलाई निर्देशन दिएको हो ।



यसैगरी सार्वजनिक, सरकारी, गुठी सामुदायिक जग्गासम्बन्धी पुराना अभिलेखलाई संरक्षण गर्ने कार्यका लागि निर्देशन दिएको छ । समितिले सार्वजनिक तथा सरकारी जमिनलाई कुनै पनि कारण दुरुपयोग, अतिक्रमण, कब्जा तथा दुरुपयोग गर्नेलाई यथाशीघ्र कारबाही गर्नसमेत मन्त्रालयलाई निर्देशन दिएको छ ।

निश्चित प्रयोजनका लागि उपयोग गर्न सरकारले उपलब्ध गराएका सार्वजनिक तथा सरकारी जग्गाको उद्देश्यभन्दा फरक काममा प्रयोग गर्ने, अनधिकृतरूपमा कब्जा गराउने, व्यक्तिगत सम्पत्तिका रूपमा दर्ता गराउने काम हुँदै आएको विषयप्रति समितिको गम्भीर ध्यानार्कषण भएको बैठकको ठहर छ ।

जग्गा अतिक्रमण गर्न भूमि विचौलियाले गर्ने चलखेल तथा यस्ता कार्यमा हुने गैरकानुनी लगानी र संरक्षणलाई निराकरण गर्नु पनि अनिवार्य रहेको समितिको भनाइ छ ।

बैठकले भूमिसँग छरिएर रहेका कानुनलाई एकीकृत गरी सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई कडा सजायको व्यवस्था गर्न, जग्गासम्बन्धी सम्पूर्ण विवरणको अभिलेख एकीकृतरूपमा राख्ने प्रणाली विकास गर्न मन्त्रालयलाई सुझाव दिएको छ ।

सरकारी जग्गा लिजमा दिनेसम्बन्धी खुकुलो नीतिगत व्यवस्थालाई पुनवलोकन गर्न र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनका सुझावको कार्यान्वयन प्रगति विवरण उपलब्ध गराउन समितिले निर्देशन दिएको छ ।

## योजना खरिद बिक्री गरेको प्रमाण ल्याउनुस् कारबाही गर्छुः मुख्यमन्त्री सोडारी

**धनगढी/मस**– सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले बिचौलियामार्फत योजना पारेको प्रमाण पेस गरे बिचौलियालाई कारबाही गर्न तयार रहेको बताएका छन् । प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि प्रदेश सभा सदस्यहरूले उठाएको सवालको जवाफ दिँदै मुख्यमन्त्री सोडारीले यस्तो बताएका हुन् ।

उनले भने,'कहिकतै बिचौलियाले योजना पारिहालेको



प्रमाणसहित ल्याइराख्नुस्, त्यसलाई त्यही ढंगको कारबाहीको लागि हामी तयार छौं ।'

बजेट निर्माणको क्रममा योजना पार्न विचौलियाहरू सक्रिय भएको भन्दै प्रतिपक्ष दल र सत्तारुढ दल एमालेले टीकाटिप्पणी गरेपछि मुख्यमन्त्री सोडारीले सो कुरा स्पष्ट पारेका हुन् । यसैबीच मुख्यमन्त्री सोडारीले नीति तथा कार्यक्रममा छुटेका विषयवस्तुलाई आफूले बजेटमा गम्भीरताका साथ समावेश गर्ने प्रतिबद्धता समेत जनाए ।

प्रदेश सभामा राजनीतिक घटनाक्रमका कारण अझै पनि खुलेर छलफल गर्ने वातावरण बन्न नसकेको उनले बताए ।

## विद्यार्थीलाई दिवा खाजामा 'जंक फुड'

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २५ जेठ

हुम्लाको खार्पुनाथ गाउँपालिकाका पाँच वटा वडामा सञ्चालन हुँदै आएको अधिकांश बाल विकासका विद्यार्थीलाई दिवा खाजामा जंक फुड खुवाउने गरेको पाइएको छ ।

सरकारले दिवा खाजा बापत हिमाली जिल्लाका लागि २० रुपैयाँ दिँदै आएको छ । बजारको प्याकिङ गरेको दिवा खाजा नदिन आग्रह गर्दा पनि खार्पुनाथ गाउँपालिका वडा १ मालिका माध्यमिक विद्यालय र वडा ३ हुम्ला माध्यमिक विद्यालयका कक्षा ५ देखि इसिडिका बालबालिकालाई दिवा खाजामा चाउचाउ र बिस्कुट दिँदै आएका छन् ।

दुई वटा विद्यालयमा १ सय ८५



को हाराहारी विद्यार्थी छन् । सबैले दिवाखाजा चाउचाउ र बिस्कुट खादै आएका छन् । दिवा खाजा गाउँ घरमा उत्पादन भएको अर्गानिक खुवाउनुपर्ने भएपनि बजारमा सजिलै पाउने बालबालिकालाई हानी गर्ने जंकफुड खुवाउने गरिएको छ । जंक फुडले बालबालिकालाई असर गर्ने भएपनि शिक्षकहरुले बेवास्ता गर्दै उक्त खाजा खुवाउँदै आएका स्थानीयले गुनासो गरेका छन् ।

यस विषयमा विद्यालयका शिक्षकसँग बुझ्दा यस विषयमा थाहा नै नभएको जसरी जवाफ दिए । यता गाउँपालका शिक्षा शाखा ललितजंग शाहीले गाउँपालिकाका अधिकांश विद्यालयका बालबालिकालाई खुवाउने दिवा खाजा चाउचाउ पहिलो रोग भएको बताए ।

उनले यस विषयमा पटक-पटक विद्यालयमा अनुगमन गरेर भन्दा पनि नमानेको बताए ।

चाउचाउ नखुवाउनु, गाउँ घरतिर उत्पादन भएको अर्गानिक खाजा दिनु भन्दा पनि नमानेकाले विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग कुरा राख्ने बताए । यस्तो खाजा दिँदा बालबालिका बिरामी हुने हुँदा यसमा सचेत राख्न लगाउने र अबका दिनलाई सुधार गर्ने गाउँपालिकाका शिक्षा शाखा स्रोतले जनाएको छ ।

### अदालतको...

नलाग्दै मधेश प्रदेश सरकारले सांसदलाई तोकेरै बजेट परिचालन गर्न दिने निर्णय गरेको हो ।

कतिपयले यो कार्यक्रमको बजेट दुरुपयोग हुने, सांसदले चुनाव खर्च उठाउने माध्यम बनाउने र कार्यपालिकाले गर्ने काममा सांसदले भाग खोजेको रुपमा व्याख्या गर्ने गरेका छन् ।

बजेट विनियोजनको कुरा संसद्को सर्वाधिकारको विषयमा अदालतको हस्तक्षेप ठीक नभएपनि सांसदलाई बजेट परिचालन गर्न दिने कार्यक्रमको औचित्य भने नभएको सरोकारवालाहरुको दाबी छ ।

### ग्रामीण...

कानुनी मान्यता दिन प्रस्ताव गरिएको विधेयक संसद्मा दर्ता गरिएको छ । तर, उक्त विधेयक लामो समयदेखि अगाडि बढ्न भने सकेको छैन ।

नेपालमा उत्पादन हुने गाँजा औषधीय प्रयोगको लागि उत्तम मानिन्छ । पूर्व अर्थमन्त्री प्रकाशशरण महतले औषधीजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिनेछ भनेर आर्थिक वर्ष २०८०/८१ को बजेटमा नै उल्लेख गरेका थिए ।

यस्तै आर्थिक वर्ष २०८१/८२ को बजेटमा अर्थमन्त्री वर्षमान पुनले औषधीय प्रयोजनका लागि गाँजाको व्यावसायिक उत्पादन गर्न कानुनी व्यवस्था मिलाइने घोषणा गरेका छन् ।

दुई वर्ष अघि नीति अनुसन्धान प्रतिष्ठानले समेत गाँजाको औषधीय विशेषता र महत्व भएकाले औषधीय प्रयोजनका लागि गाँजामा भएको प्रतिबन्ध हटाउनु पर्नेमा जोड दिएको थियो ।

'अलि बाबा' कम्पनीले अनलाइनमार्फत् खुलेआम गाँजा बिक्री गरिरहेको अवस्थामा नेपालमा भने प्रशस्त उत्पादनको सम्भावना भएको र ग्रामीण अर्थतन्त्र सुधारको महत्वपूर्ण भूमिका खेल्न सक्ने गाँजा कानुनी बन्देजको अवस्था छ ।

अब गाँजा खेतीलाई व्यवस्थित बनाउने र नेपालमा सञ्चालन भएका क्यासिनो मोडेल जस्तै गरेर पर्यटकहरुका लागि गाँजा बिक्री वितरण गर्न सकिने विज्ञ बताउँछन् । आगामी आव २०८१/८२ को बजेटमा समावेश गरिएको गाँजा खेतीबारे शुक्रबार प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले समेत गाँजाको व्यावसायिक उत्पादन गर्नुपर्नेमा जोड दिएका छन् ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले गाँजा खेतीको सम्भाव्यताबारे अध्ययन तथा अनुसन्धान गर्न यथाशीघ्र नियमावली बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले भने, 'गाँजा खेतीको औषधीजन्य र व्यावसायिक प्रायोजनका लागि अध्ययन तथा अनुसन्धानका लागि एक महिनामा सम्भवत अध्ययन समिति बनाउनेछौं ।'

यस्तै समितिको छलफलमा अर्थमन्त्री वर्षमान पुनले गाँजाको प्रयोगबाट कुलतमा नफस्नेगरी सचेत भएर गाँजालाई वैधानिकता दिने गरी कानुनी व्यवस्थामा जोड दिए ।

कृषि मन्त्रालयका सचिव डा. दीपककुमार खरालले गाँजाको व्यावसायिक खेतीको सम्भाव्यता अध्ययन गर्न लागु औषध (नियन्त्रण) ऐन, २०३३ संशोधन गरेर अगाडि बढ्न सक्ने सम्भावना रहेको बताए । उनले कानुनी सहजीकरण गरेर बाँझो जमिनमा गाँजा खेती गर्न सकिने बताए ।

काठमाडौं विश्वविद्यालयका अनुसन्धानकर्ता प्राडा पन्ना थापाले नेपालमा विभिन्न प्रकारका गाँजाहरु पाइने भन्दै वैज्ञानिक अनुसन्धानमा जोड दिए । गाँजा औषधीजन्य गुण दुखाइ कम गर्ने, छारे रोग, डिप्रेसन, एन्जाइटी, क्यान्सर थेरापीमा प्रयोग गर्न सकिने भन्दै किसानलाई लक्षित गरेर गाँजा खेतीका लागि अन्तर्राष्ट्रिय मापदण्डसँग मिल्ने गरी उत्पादन गर्नुपर्ने बताए ।

नेपालमा गाँजा खेतीलाई बैधानिक बनाउने हो भने रेमिट्यान्समा निर्भर नेपालको अर्थतन्त्र उकास्न ठूलो योगदान दिने देखिन्छ ।

### सहकारी...

एमाले सांसद सूर्य थापा संयोजक बनेका छन् । सदस्यमा कांग्रेसबाट सहमहामन्त्री पाण्डे, ईश्वरी न्यौपाने, एमालेबाट सदस्यमा सरिता भुसाल, माओवादी केन्द्रबाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पाटीबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पाटीबाट ध्रुबहादुर प्रधान छन् । रास्वपा नेता खनाल कायादलका सदस्य समेत थिए ।

### गणतान्त्रिक...

विप्रेषण चलायमान बनाएको अहिलेको अवस्थामा विदेशस्थित नेपाली दूतावास र नियोगहरूले प्रभावकारीरूपमा जिम्मेवारी पूरा नगर्दा युरोपेली मुलुकहरूको आकर्षक तलबसहितको रोजगारी गुमेको उल्लेख छ ।

त्यसैगरी आर्थिक वर्ष २०७९/०८० मा १२ खर्बभन्दा बढी रेमिट्यान्स संस्थागत माध्यमबाट भित्रिएको भन्दै मञ्चले रेमिट्यान्स आप्रवाहलाई निरन्तरता दिन वैदेशिक रोजगारलाई स्वच्छ, मर्यादित एवम् सुरक्षित बनाउन जरुरी रहेको मञ्चले बताएको छ । वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै वैदेशिक रोजगारमा जाने कामदारको हक हितको संरक्षण, वैदेशिक रोजगार ऐनमा सुधार, बजार प्रवर्द्धन र लागत खर्चको आधार कामदार पठाउँदा लिने सेवा शुल्कमा समयानुकूल वृद्धि र संख्या सयको समस्या तत्काल सम्बोधनसहित वैदेशिक रोजगार ऐनमा सुधार गरिनुपर्ने मञ्चको माग रहेको छ ।

त्यसैगरी साउदी दूतावासमा साउदी आईडी र भिसा प्रक्रियामा असहज अवस्था रहेकाले कूटनीतिक पहलमार्फत समस्या समाधान गरी इजाजत प्राप्त सबै व्यवसायीलाई व्यवसाय गर्ने समान अवसरको प्रत्याभूति गरिनुपर्ने, महिला कामदारको श्रम स्वीकृति र युरोपेली मुलुकमा मागपत्र प्रमाणीकरणमा रहेका समस्याको समाधान हुनुपर्ने माग मञ्चले उठाएको छ ।

व्यसायीहरुका जायज मागहरु सम्बोधन गर्न बारम्बार अनुरोध गर्दै आएको भए पनि व्यवसायीका जायज मागहरूको प्रभावकारी सुनुवाइ नभएको मञ्चले बताएको छ । मञ्चले आर्थिक वर्ष २०८१/०८२ को नेपाल सरकारको नीति तथा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रका केही विषय समेटिए पनि त्यसपछि आएको बजेट वक्तव्यमा सम्बोधन नगरिदिँदा वैदेशिक रोजगार क्षेत्रले रोजगारी र रेमिट्यान्समा पुऱ्याएको योगदानको यथोचित सम्बोधन नभएकोमा पनि उपप्रधानमन्त्री श्रेष्ठको ध्यानाकर्षण गराइएको महासचिव दिमदोङले जानकारी दिए ।

जवाफमा उपप्रधानमन्त्री श्रेष्ठले वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित बनाउन सरकारले सूक्ष्मरूपमा अध्ययन गरिरहेको बताउँदै साउदी आईडी समस्या समाधानका लागि मन्त्रालयबाट तत्कालै पहल गर्ने बताए । उपप्रधानमन्त्री श्रेष्ठले ज्ञापनपत्रमा उल्लेखित अन्य विषयको सम्बोधन गर्न अन्तरमन्त्रालय छलफल गर्ने जानकारी दिएको पनि महासचिव दिमदोङले बताए ।

### सुदूरपश्चिम ...

हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार, धनगढी उपमहानगरपालिकाको आयोजना तथा नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघलगायतका सघंसस्थांहरुको संयोजनमा आइतबारदेखि कैलालीको धनगढीस्थित ओम प्यालेसमा मेला आयोजना हुन लागेको हो ।

मेलाको विषयमा जानकारी दिन शुक्रबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा श्रम मन्त्रालयका उपसचिव बसन्त बोहराले रोजगारदाता र कामको खोजीमा रहेका श्रमिकबीच भेट गराउनु मेलाको मुख्य उद्देश्य रहेको बताए । 'मेलाले रोजगारीका अवसरहरु सिर्जना गर्ने, सीप विकास प्रवर्द्धन गर्ने, उद्यमशीलतालाई प्रोत्साहन गर्ने, आर्थिक वृद्धिलाई उत्प्रेरित गर्ने, युवा सशक्तीकरण गर्ने र सार्वजनिक निजी साझेदारी अभिवृद्धि गर्नेमा हामी विश्वस्त छौं,' उनले भने ।

त्यस्तै नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ सुदूरपश्चिमका अध्यक्ष प्रमोद पाठकले नेपालमा दक्ष श्रमिकको अभाव रहेको बताए । रोजगारदाताले आवश्यकताअनुसारको श्रमिक नपाउने अवस्थालाई यस्तो खालको मेलाले सम्बोधन गर्ने उनले बताए ।

'वर्षौंदेखि हामी हरेक कुराका लागि अन्य मुलुक र भारतमा भर पर्नुपर्ने अवस्था छ । तर अबका दिनमा नेपालमा नै गरी खाने वातावरण सिर्जना गर्न, आन्तरिक रोजगारी सिर्जना गर्न, यहाँको रोजगारीको अवस्था बुझ्न, कस्ता खालको सीपको आवश्यकता पर्छ भन्ने खालको विषयलाई सम्बोधन गर्न मेलाले सहयोग गर्नेमा म विश्वस्त छु,' उनले भने ।

नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ सुदूरपश्चिमका अध्यक्ष पाठकले दुई हजारभन्दा बढीलाई रोजगारी अवसर प्रदान गरिने बताए । श्रम कार्यालय कैलालीका कार्यालय प्रमुख जनक सिंखडाले मेलाको तयारी पूरा भएको बताए । हालसम्म मेलामा ३५ वटा निजी क्षेत्रका स्टलहरु रहेका छन् ।

मेलाका लागि ३५ स्टलहरु बुक भइसकेको र थप स्टलहरु बुक हुने क्रममा रहेको उनले बताए । मेला बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन हुनेछ । मेलाको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ ।

**कुवेतमा रोजगार** | कम्पनीः JUMEIRAH DOWNTOWN RESTAURANT AND CAFE
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०८१/०२/२५ चलानी नं.: ६०२२०७३३ L.T. No.: 305980

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 3 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ७८,२९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 4 | 0 | | 110 | ४७,८४६ | | | | | | | |
| 3. | Kitchen Helper | 4 | 0 | | 110 | ४७,८४६ | | | | | | | |
| 4. | Waiter | 9 | 0 | | 115 | ५०,०२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १ गते (15 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SECURE NEPAL JOB PLACEMENT PVT . LTD.
श्रम इजाजत नं.: १६४८/०८०/०८१
Sinamangal-09, Kathmandu, Nepal,Tel: 01-4919873, 4919874. | Email: info@securenepaljobs.com |

**युएईमा रोजगार** | कम्पनी : RBS HOSPITALITY SERVICES EST
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२५ चलानी नं.: ६०२२०७३२ LT. No.: 306002

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 32 | 1 | सम्बन्धित काममा दक्ष | 800 | २९,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coordinator | 0 | 2 | | 1200 | ४३,५३६ | | | | | | | |
| 3. | Stewarding | 10 | 0 | | 800 | २९,०२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १ गते (15 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Asia Manpower Pvt. Ltd.
Govt. Lic. No. 1278/074/075
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Hotline.:+977 9802340340 | 9802340341
Email : admin@gulfasia.com.np web:www.gulfasia.com.np | Damak Branch: 9801615255

# ‘पर्यटन क्षेत्रका अनावश्यक कर हटाइने छ’

**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि यस क्षेत्रमा विभिन्न करहरु हटाउने कुरामा सरकार लागिपरेको र सम्बोधन हुने बताएका छन् ।

शुक्रबार नेपाल एशोसिएसन अफ टुर्स एण्ड ट्राभल्स (नाट्टा)को ५७औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मन्त्री तामाङले नेपालमा अधिकतम विदेशी पर्यटक ल्याउन नयाँ गन्तव्यको खोजीका साथै पूर्वाधारमा सुधारसहित नयाँ योजना अघि बढाइएको बताए ।

‘हाम्रो हवाई तथा भू-यातायात सहज छैन पर्यटकहरुका लागि, त्यसैले यो पूर्वाधार सुधार गर्नेतिर सरकारले सोचिरहेको छ । साथै जनकपुर, पशुपति, लुम्बिनीजस्ता स्थलहरुलाई भारत, चीनलगायतका मुलुकका पर्यटकलाई भित्र्याउने र हाम्रो सेवालाई पनि गुणस्तरीय बनाउने र पर्यटकको बसाइ लम्ब्याउने हिसाबले पनि सोच्नुपर्छ,’ मन्त्री तामाङले भने ।




उनले अन्य देशमा जसरी नेपालमा पर्यटक आगमन हुन नसकेको बताउँदै यसको समीक्षा गरेर सबै पक्ष मिलेर विश्व पर्यटन बजारमा नयाँ गन्तव्यको खोजी र नयाँ पर्यटकीय उपजसहित प्रवर्द्धनमा जुट्नुपर्ने बताए । विगतमा विभिन्न कमी भएको र गर्नुपर्ने जति यो क्षेत्रमा काम हुन नसकेको स्वीकार गर्दै उनले अब नीतिगतरुपमा सुधार गर्ने, पूर्वाधार सुधार गर्ने, नयाँ गन्तव्यको खोजी गर्दै आगामी वर्षहरुमा बाटो तयार गर्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिए ।

# पार्टीभित्र समस्या छ, हल गर्नका लागि लागिरहेका छौं : नेता निधि

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २५ जेठ

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टीभित्रका समस्या समाधान गर्दै २०८४ को चुनावमा कांग्रेस एक्लै चुनाव लड्ने र बहुमतको सरकार बनाउने गरी लागेको बताएका छन् । आज बिहान वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो बताएका हुन् । नेता निधिले पार्टीभित्र वितृष्णा पैदा भएको बताए । पार्टीभित्रको असन्तुष्टि र असहमतिलाई सहज बनाउनका लागि देशभरनै छलफल र भेटघाटको काम अघि बढाइएको उनको भनाइ छ । पत्रकार सम्मेलनमा बोल्दै उनले भने, ‘पार्टीभित्रका समस्या समाधान गरिनुपर्छ भनेर म कर्णालीमा आएको हुँ ।’ उनले पार्टीभित्र गुटबन्दीको व्यवस्थापन विचारको आधारमा समाधान गर्नुपर्ने बताए । निधिले अहिले राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुका कारण राष्ट्रिय राजनीतिमा समस्या आइरहेको बताए ।




यसअघि चुनावमा माओवादीसँग गठबन्धन गरेर गएपनि त्यो टिक्न नसकेको उनले बताए । पहिलो चरणमा पुष्पकमल दाहाल ‘प्रचण्ड’, त्यसपछि माधव नेपाल र अन्तिममा शेरबहादुर देउवा प्रधानमन्त्री हुने सहमति भएपनि प्रधानमन्त्री प्रचण्ड त्यसमा टिक्न नसक्दा गठबन्धन टुटेको उनको भनाइ छ । निधिले कर्णालीको दैलेख, कालीकोट, जुम्ला र मुगु जिल्लामा पार्टीका नेता तथा कार्यकर्ताहरुसँग भेटघाट गर्ने कार्यक्रम तय भएको छ ।

# प्रभावकारी बन्दै समुदायमा सञ्चालित ‘बुबा कक्षा’

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २५ जेठ



बर्दियाको बारबर्दिया नगरपालिकाको समुदायमा सञ्चालित ‘बुबा कक्षा’ प्रभावकारी बन्दै गएको छ । कक्षामा बुबाहरुको नियमित उपस्थितिसँगै उनीहरुको बानी र व्यवहारमा परिवर्तन आउन थालेपछि ‘बुबा कक्षा’ प्रभावकारी देखिएको हो ।

बारबर्दिया नगरपालिका वडा नं २ नारायपुरका ६४ वर्षीय चन्द्रप्रसाद थारुले ‘बुबा कक्षा’ले समुदायमा परम्परागत सोच, मान्यता र गलत अभ्यासलाई हटाउन सहयोग गरेको बताए । कक्षामा सहभागी हुनुअघि घरको काम महिलाले मात्र गर्नुपर्छ भन्ने बुझेका उनले अहिले भने घरको काममा बुहारीलाई सघाउन थालेका छन् । उनी भन्छन्, ‘फुर्सदको समय नातीनतिनासँग बिताउँछु, उनीहरुसँगै खेल्न व्यस्त हुन्छु ।’ आजभोलि बुहारीले नभ्याउँदा घरआँगन सफा गर्न पनि आफैं जुट्ने गरेको थारु बताउँछन् । छोरा जागिरे भएका कारण ‘बुबा कक्षा’मा आफू सहभागी भएको उनको भनाइ छ ।

काखको १४ महिनाकी छोरीलाई स्याहार्नुका साथै घरको सबै काम भ्याउनुपर्ने नारायणपुरकै गंगारानी थारुलाई आजभोलि घरधन्दामा श्रीमानले सहयोग गरेपछि धेरै सहज भएको छ । उनी भन्छिन्, ‘आजभोलि त काम पनि छिट्टै सकिन्छ, थकानको महसुस पनि हुँदैन ।’

समुदायमा बुबा कक्षा सञ्चालन गरिएपछि खोप केन्द्र र स्वास्थ्य केन्द्रमा गर्भवती तथा सुत्केरी महिलाहरुसँगै बुबाहरुको सहभाागितासमेत बढेको आधारभूत स्वास्थ्य केन्द्र कुम्रागाउँका सिनियर अहेव रामेशवर थारुले जानकारी दिए । गर्भवती चेकजाँच गर्न आएका महिलाहरुमार्फत बुबा बनेकोमा शुभकामना दिँदै नियमित चेकजाँजमा श्रीमतीसँगै आउनका लागि स्वास्थ्य संस्थाले आमन्त्रण गर्ने गरेको पनि उनले बताए । थारुका अनुसार ‘बुबा कक्षा’ सञ्चालनसँगै आमन्त्रण पत्र पठाउँदा स्वास्स्थ केन्द्रमा गर्भवती तथा सुत्केरी महिलाहरुसँगै बुबाहरुको सहभाागिता बढेको हो ।

बाल हेरचाहमा पुरुष संलग्नता प्रवर्द्धन गर्न समुदायमा बुबा समूह गठन गरी बारबर्दिया र ठाकुरबाबा नगरपालिकामा ‘बुबा कक्षा’हरु सञ्चालन गरिएको छ । सशक्त बालिका परियोजनाअन्तर्गत बालबालिकाको हेरचाह र घरको जिम्मेवारीमा बुबा अर्थात पुरुष अभिभावकहरुको संलग्नतालाई बढावा दिने उद्देश्यले बुबा कक्षा सञ्चालन गरिएको सशक्त बालिका परियोजनाका परियोजना संयोजक मनोज पौडेलले बताए । उनका अनुसार बारबर्दिया र ठाकुरबाबा नगरपालिकामा १६ वटा ‘बुबा कक्षा’हरु सञ्चालनमा छन् ।

कक्षामा लैङ्गिकता, लिङ्ग, लिङ्गभेद र पुरुष, बुबा हुनुको सौभाग्य, स्वस्थ गर्भावस्था, गर्भवती जीवनसाथीलाई सहयोग र साथ, शिशुको जन्म र बुबाको जिम्मेवारी, बालबालिकाहरूको हेरचाह, बालबालिका हुर्काउने कार्य, अपाङ्गता वा सीमितता भएका बालबालिकाको पहिचान, हेरचाह, स्वास्थ्य र सरसफाइ र विपद्मा बुबाको भूमिकालगायतका विषयमा छलफलका माध्यमबाट सहजीकरण गरिने राधाकृष्ण थारु जनसेवा केन्द्रकी फिल्ड सुपरभाइजर विनिता चौधरीले बताइन् । प्लान इन्टरनेशनल नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रको साझेदारीमा बर्दियाको बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरुवा गाँउपालिका र राजापुर नगरपालिकामा सन् २०२३ जुलाईदेखि सशक्त बालिका परियोजना सञ्चालित छ । परियोजनाले बालबालिकाको प्रारम्भिक अवस्थादेखि उनीहरुको सर्वाङ्गिण विकासका क्षेत्रमा कार्य गर्दै आइरहेको छ ।

# नापी कार्यालयका सर्वेक्षक ३५ हजार घुससहित पक्राउ

**काठमाडौं/मस–** नापी कार्यालय कपिलवस्कतु चन्द्रौटाका सर्वेक्षक बेचनप्रसाद गुप्ता घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलले गुप्तालाई ३५ हजार रुपैयाँ घुससहित पक्राउ गरेको हो ।

जग्गा कित्ताकाट गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस लिइसकेको अवस्थामा गुप्तालाई पक्राउ गरिएको अख्तियारले जनाएको छ । गुप्ताको साथबाट सेवाग्राहीबाट लिएको ३५ हजार र स्रोत नखुलेको ५० हजार रुपैयाँ बरामद गरिएको अख्तियारले बताएको छ । अख्तियारले गुप्तालाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको जानकारी दिएको छ ।




## यूएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** WAADI HIND CLEANING SERVICES CO. LLC — **शहर:** UAE

पूर्व स्वीकृत मिति: २०८१/०२/२५ — चलानी नं.: ६०२२०६९७ — LT. No.:305987

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 9 | 0 | | 1000 | ३६,२८० | | | | | | | |
| 3. | Cleaner Supervisor | 2 | 0 | | 1500 | ५४,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १ गते (15 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Prakash Human Resource Pvt. Ltd.
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201
Mobile No: 9801358362/ 9801358363 / 9801358364.
श्रम इजाजत नं. १६५०/०८०/०८१
E-mail: info@prarkashhumanresource.com Website: www.prakashhumanresource.com

यस मेनपावर कार्यालयको लागि Manager-1 (Male/Female) & PRO- 1 ( Male/ Female) को आवश्यकता भएकोले सम्बन्धित काममा दक्ष व्यक्तिहरूले ९८०१०६३२७८ मा सम्पर्क गर्नु होला ।




## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/२२ गते काठमाडौं गोकर्णेश्वर न.पा वडा नं. ०९ माकलवारी स्थित आफनै डेरा कोठाको गेटमा अन्दाजी दिउसो १ बजे पार्किङ्ग गरि राखेको अवस्थामा रहेको बा.प्र ०२-०४८ प २०४४ कालो रातो रङ्गको बजाज २२० सिसि F ABS हराएको हुँदा पाउनु हुने महानुभावले निम्न नंम्बर वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नाम: हुलास फन अटो प्रा.लि.
ऋणी: करण लामा
च्यासिस नं: MD2A13EXXNCM86454
इन्जिन नं: DKXCNM40625
सम्पर्क नं: ९८०८३०८६३०


# जयपृथ्वी नगरपालिकाका आठ विद्यालयमा आइसीटी ल्याव बन्दै

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २५ जेठ



शिक्षकहरुका लागि आधारभूत कम्प्युटर सीप सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न भएको छ ।

प्रगतिशिल युवा समाजको आयोजना तथा वर्ल्डभिजन इन्टरनेशनल नेपालको लेटस परियोजनाको आर्थिक सहयोगमा सञ्चालन गरिएको ६ दिने तालिम शुक्रबारसम्पन्न भएको छ । जयपृथ्वी नगरपालिकाभित्र रहेका ८ वटा विद्यालयको शैक्षिक गुणस्तर उकास्ने र शिक्षालाई प्रविधिसँग जोड्ने उद्देश्यले सञ्चालन गरिएको उक्त परियोजनाले शिक्षकहरुका लागि पुनर्ताजगी तालिम सञ्चालन गरेको सामाजिक परिचालक उमेश विष्टले जानकारी दिए ।

तालिममा जयपृथ्वी नगरपालिका भित्रका ८ वटा विद्यालयका १० जना शिक्षकहरुको सहभागिता रहेको थियो । शिक्षकहरुलाई विद्यालयमा आइसीटी ल्याव स्थापना भएपछि कसरी पठनपाठन गर्ने, सफ्ट्यरमार्फत कसरी अध्यापन गर्ने तथा आइसीटीको पूर्ण प्रयोग कसरी गर्ने भन्ने विषयमा जानकारी गराउने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको विष्टले बताए ।

प्रगतिशिल युवा समाजले जयपृथ्वी नगरपालिकाका ८ वटा विद्यालयबाट ५/५ जना गरी ४० जना शिक्षकलाई तालिम दिने र दोस्रो चरणको तालिम आइतबारबाट सञ्चालन संस्थाले जनाएको छ । जयपृथ्वी नगरपालिकाका ८ वटा विद्यालयमा आइसीटी ल्याव निर्माण समेत गर्न लागिएको सामाजिक परिचालक विष्टले जानकारी दिए ।

जसमा जयपृथ्वी नगरपालिका वडा नं. १ को नारायण मावि, ३ को पाण्डु मावि, ४ को बालविबास मावि, ६ को भवानी मावि, ७ को सुनिपिपल चौर मावि, ८ को शिशु आधारभूत विद्यालय, ११ को सुर्मा आधारभूत विद्यालय र निलकट्टी मावि दैकुमला रहेका छन् ।

निलकट्टी मावि दैकुमलाको शिक्षक राजेन्द्र प्रसाद उपाध्याले प्रविधिको बढ्दो प्रयोगलाई शिक्षा क्षेत्रमा समावेश गराउन आवश्यक रहेको भन्दै प्रगतिशिल युवा समाजले शिक्षकका लागि उपलब्ध गराएको यो तालिमले ठूलो सघाउ पुगेको बताए । साथै आगामी दिनमा आइसीटी ल्यावको स्थापनापछि विद्यालयमा प्रविधीको पूर्णरुपमा प्रयोगगरी अध्यापनमा विद्यालय लाग्ने समेत उनले बताए।

समापन कार्यक्रममा बोल्दै लेटस परियोजनाकी कार्यक्रम संयोजक जमुना श्रेष्ठले विद्यालयको शैक्षिक गुणस्तरलाई प्रभावकारी बनाउन र विद्यार्थीहरुलाई प्रविधिसँग जोडेर जीवन उपयोगी शिक्षा प्रदान गर्ने उद्देश्यले उक्त परियोजना लागु भएको बताइन् ।

# विकास निर्माणका कामहरुको अनुगमनमा खटिए प्रमुख प्रशासकीय अधिकृत शर्मा

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ जेठ



नेपालकै ठूलो नगरपालिका शितगंगा नगरपालिकाभित्र निर्माण सम्पन्न भएका तथा निर्माण भइरहेका कामको अनुगमनलाई तीव्रता दिइएको छ । असार अगावै सम्पन्न गर्नुपर्ने योजनाहरु गुणस्तरीय भए/नभएको अनुगमन गर्न नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्मा प्राविधिक इन्जिनियर योजना अधिकृतलाई लिएर फिल्डमा नाप, नक्सा गर्न खटिएका छन् ।

शितगंगा नगरपालिकाका उपप्रमुख गिता भाट संयोजक रहेको अनुगमन समितिले योजना अनुगमनलाई तीव्रता दिएका बेला प्रमुख प्रशासकीय अधिकृतसहित कर्मचारीको टिम पनि जनप्रतिनिधिसँग योजना अनुगमन गर्दै नगरपालिकाको लागत स्टमेट अनुसार काम भए/नभएको, गुणस्तरीय काम भए/नभएको बारेमा जानकारी लिनका लागि स्थलगत रुपमा अनुगमन गर्ने कार्य भइरहेको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए ।

अनुगमनका क्रममा कमसल काम भएको पाइएमा भुक्तानी रोकिने र दोश्रो पटक काम गर्न लगाउने गरी पहिलादेखि नै अनुगमन गर्ने गरिएको उनको दावी छ । उनले भने, ‘अहिले हामीले योजनाहरुको अनुगमन गरिरहेका छौं । अनुगमनका क्रममा कमसल काम गरेको देखिएमा कारवाही प्रक्रिया अगाडि बढाउँछौं । भुक्तानी दिने त कुरै छैन राज्यको सम्पत्ति सहि ठाउँमा सदुपयोग होस् काम गुणस्तरीय होस भन्ने उदेश्य कार्यालय प्रमुखको हुन्छ ।’

स्थानीयस्तरमा हुने विकास निर्माणका कामहरु गुणस्तरहीन न हुने गरेको गुनासो बढेका बेला नगरपालिकाले योजना अनुगमनलाई तीव्रता दिएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले बताए । खनालले भने, ‘नगरपालिकाले गरेको काम गुणस्तरीय हुन्छ, टिकाउ हुन्छ, भन्ने कुरा पुष्टि गर्नका लागि पनि योजनाहरु गुणस्तरीय र दिगो बनाउनुपर्छ ।’ नगरपालिकाबाट अनुगमन हुन्छ, काम नभएको र कमसल भएको भए भुक्तानी हुँदैन भन्ने कुरा काम गर्नेलाई पनि मनमा लागोस् भन्ने आभाष दिलाउने गरी अनुगमन भइरहेको खनालको भनाइ छ ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

## बिद्युतीय सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०२/२६ गते)

चालु आ.ब. २०८०/०८१ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामानहरु विद्युतीय सिलवन्दी दर भाउपत्रको माध्यम (e–bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १. | NTrC/G/SQ/01-080/81 | supply, delivery and installation of Anaesthesia Work Station for Ortho/Neuro/Trauma Surgery | १,०००/- | १,००,०००/- |
| २. | NTrC/G/SQ/02-080/81 | Supply, delivery and instillation portable USG Machine with msk probe for Ortho/Neuro/Trauma Surgery | १,०००/- | १,००,०००/- |
| ३. | NTrC/G/SQ/03-080/81 | Supply, delivery and instillation of Ortho/Neuro/Trauma Surgery OT Table | १,०००/- | ९०,०००/- |

विस्तृत जानकारीको लागि:- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१—४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट



GET YOUR eVISA FOR MALAYSIA
Hello Travels Pvt. Ltd.
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.


## कथा

# स्वाभिमानका कुरा



■ हेमराज अधिकारी

> आँगनमा गडगडाहट् ताली बज्यो । “मण्डल माइलो जिन्दावाद जिन्दावाद” नारा गुञ्जिन थाल्यो । गोकुलले गोजीबाट एउटा खादा झिकेर मण्डलको गलामा लगाइदियो । सबै ताली बजाउन थाले ।



टन्टलापुर घाम लागेका थिए । मण्डल माइलाको घरमा दुई बुढाहरू बसेर फिका चिया पिउँदै कुरा गरिरहेका थिए । रिजाल बुढाले ‘एक देश, एक रासिन कार्ड’को विषयमा मण्डललाई सोध्दै थिए । मण्डलले जाने बुझेको कुरा भन्दै थिए । “केही फरक पर्दैन काहिँला, आखिर तैँले अम्लिसोको कुचो पुऱ्याउने भनेको त्यही बजारको सुरेश कुमारकैमा हो । तेरो रछेन घुरेनमा आएर टिन प्लास्टिक, लाबरका टुक्रा, बोतल, स्टिल, सिल्बरे, पित्तल, उठाउने उनेरले नै हो । तेरो अदुवा बारीमा आएर बगान किन्ने पनि उनेरले नै हो । तँ खाईनखाई फापर, अलैंची, तोरि, अन्न पानी, तेल पिसाउने दाम तोक्ने उनेरले नै हो । तँ जस्ता लाखौं किसानले यो देशका नेताको भाग्य र भविष्य बनाउँछन् तर, आखिरमा तेरै छोराछोरीको भविष्यसँग खेलवाढ गर्ने उनेर नै हुन् । अब कसको विश्वास गर्छस् त ? तेरो छोराले घर बनाउँदै छ अहिले । अहिले त त्यो मिस्त्रीको बुढी मात्रै छ यहाँ । अब रासन पनि यहीँ पाउने भएपछि त छोराछोरी नातागोता आफन्त साफन्त सबै लाइनमा लाग्ने हुन् । आखिर यो देशमा जहीँ गएर बसे पनि भोट हाल्न पाउने अधिकार सबैकोमा छ । भोलि उनेरुले यो गाउँमा पञ्चायत बनाउछन् । अनि पञ्चायत सञ्चायत मिलेर काउन्सिलर बनाउँछन् । अनि हुँदा हुँदै एमएलए पनि कुनै ठूलो कुरा भएन । अनि त सरकार पनि उनेरूकै हुन्छ । अनि तँ जस्ता लाटासिधा माथि शासन उनेरूको हुन्छ । अहिले बजारमा गएर तेरो बारिको फलफुलको भाउ उनेरूलाई सोधपुछ गर्दैछस् भने भोलिको तेरो छोराको पालोमा के हुन्छ राम्रो सोच”, भनेर मण्डलले एकै श्वासमा रिजाललाई उचाल्नु थाल्यो ।

रिजालले मण्डलको कुरा सुनेर लामो सुस्केरा तान्दै बिँढि सल्कायो । रातो आगोको धुवा स्वाट्ट मुखभित्र निल्दै मनिपुरे बटुकाको चिया पियो । मण्डलले रिजाललाई उचाल्नु थियो उचाले । अब यति भएपछि त्यो गाउँमा रिजालले यो कुरो फुकि हाल्थ्यो । रिजाललाई बस्दै गर है भनेर टाट्नामा भएको बनमारा सरिको घाँस मण्डलले पेटारी बाख्रालाई थपिदिएर आए । रिजालले सिकुवाको खाटमा अस्कोट खोल्दै सिरानी पट्टी पट्याउँदै त्यसमाथि लमतन्न भएर टाउको राख्दै अर्को बिँढि सल्काए । मण्डलनीले अर्को कित्लिमा सेलाएको चिया दुवै बुढाको बटुकोमा थप्दै भित्र पसिन् । रिजालले सोच्नु थाल्यो । आखिर आफ्ना लागि आफैंले केही नगरे कसैले त्यसै खान दिने होइन । तेल बेच्ने, कुकर बनाउने, भाँडाकुँडा बेच्ने, दाम्ला नाम्ला बेच्ने, सिरक तोषक बेच्ने, लुगाफाटो बेच्ने, हँसिया कचिँया बेच्ने, भुष पिना बेच्ने, नुन मसला बेच्ने उनेरूनै त हुन् । हाम्राले त कुरै मात्र ठूलो गर्ने हुन् । बिपिएलको लाइनमा बसेर अनि एपिएल कुरा गर्ने । खेत खलियान जम्मै बाँजो राखेर गफले अमेरिका-अफ्रिका जान्ने । जान्नु तान्नु केही छैन अर्कालाई बाठो भयो भन्ने । मन परेको पार्टी हो भन्दैमा सुजो न बुजो काँध हालिहाल्ने । नेता करोडपति आफू चैं कुरापती, गफाढिपति । घरमा तातो छारो केही छैन देखावटी जाति । मण्डलको कुरा ठिकै हो भनेर रिजाल सोच्दै थियो । यत्तिकैमा मण्डल आएर छेउको कुर्सीमा ढल्केर बसे । मण्डल धेरै जान्नेथिए । उनले भोलि हुने कुरा आजै भन्थे । उनले गरेको कुरा सबै पुग्थ्यो । गाउँलेले उनलाई खुबै मान्थे ।

रिजाललाई कुममा हिर्काउँदै मण्डलले भने, “हेर रिजाल, यो देशमा स्कुल कलेज छुट्टी भएको १७ महिना भैसक्यो । तर कुनै पनि होस्टेलमा विद्यार्थीको फिसको छुट भएको छैन र हुने कुरा पनि छैन । यो अनलाइन शिक्षाले छोराछोरिको आँखा समाप्तितर्फ धकेल्दै छ । उज्यालो हुने बितिक्कै फोन आँखामाथि हुनुपर्ने । मान्छे सुतेर आकाश पट्टी फोन तेर्स्याएर तेस्का बाजेको च्याटिङ्ग । हामीले उहिले पात्रो हेरे जस्तो । यो फोनको तेज उज्यालोले नानीहरूको आँखा स्वाहा बनाइसक्यो । अनलाइन शिक्षा भन्छन्, कसले परीक्षा बस्दै छ गुरूबाउ गुरामालाई पत्तो छैन । ठूला घरे अन्तरेकी छोरी आठ वर्षकै उमेरमा हिजो चस्मा टँसाएर ल्याएछन् । थापा कान्छाको ठूलो केटालाई अस्ति तीन दिन अगाडि बिर्तामोड पुऱ्याएको अरे । आँखा जाँच गर्न । अब होशियार रहने समय आयो । के गर्नु हाम्रो पालोमा यस्तो थिएन”, भन्दै मण्डलले चिया स्वाट्ट पारे ।

मण्डलको घरमा दिनहुँ यस्तै गाउँका बुढापाका आउँथे । मण्डलनी भुटेको मकै र फिका चिया ओसार्थिन । आज पनि दाहाल काँहिला, अधिकारी जेठा, नेउपाने साँहिलो, धुप्पी कान्छो लेप्चा, गोकुल भोटिया, माकृङ कान्छो थुप्रै भेला भए । तामाङ कान्छोले सबैलाई हसाउँथ्यो । आज पनि हँसायो । मण्डल र रिजालका कुरा सुनेर सबै दङ्ग परे । एकै श्वासमा रिजालले भए भरका कुरा सार्वजनिक गऱ्यो । अब हामी आफ्नो कागज पत्र दराजमा थन्क्याएर मात्रै बस्नेकी बाहिर निस्केर केही गर्ने भनेर मण्डलले लट्ठी तेर्स्याए । गोकुल धेरै बाठो थियो, उसको छोरा नोकरी पनि गर्थ्यो । उसले भन्यो, “अब हामी बुढापाकाले नयाँ केही सोच्नुपर्छ । काँचो कचिला केटाले मुलुकलाई सोचेनन् । कुरा एकापट्टि काम अर्कै पट्टी । अब यो पाराले त हामी हाम्रो कागज पत्र बलियो छ भनेर मात्रै गजक्क परेका छौं । काम जति तमाम अर्कैले बनाइसक्यो । होनहार दैव नटार ।”

